म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

समृद्ध प्रकाशन प्रा. लि
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- २९६ २०८१ असोज ३ गते बिहीबार 19 September 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

**संविधान दिवस भव्य रुपमा मनाऔं**

- नेपालको संविधान जारी भएको दिन असोज ३ गते संविधान दिवस राष्ट्रिय उत्सवका रुपमा मनाऔं ।
- संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं, संविधान दिवसको महत्व बढाऔं ।
- प्रत्येक नागरिकले असोज २,३ र ४ गते घर–घरमा राष्ट्रिय झण्डा फहराऔं, दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बागमती सरकारले पलेशालाई १० लाख नगदसहित सम्मान गर्ने



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले पेरिस पारा ओलम्पिकमा पदक विजेता खेलाडी पलेशा गोवर्द्धनलाई १० लाख रुपैयाँ नगदसहित सम्मान गर्ने भएको छ । संविधान दिवसको अवसरमा प्रदेश सरकारले पलेशालाई १० लाख रुपैयाँ नगदसहित सम्मान गरेर नगरपरिक्रमा गराउने भएको हो ।

पेरिस पारा ओलम्पिकमा कांस्य पदक विजेता पलेशालाई संविधान दिवसको अवसरमा असोज ३ गते बिहिबार भोलि हेटौंडामा नगरपरिक्रमासहित सम्मान गर्ने तयारी भएको प्रदेशका युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जनले जानकारी दिनुभयो । उहाँका अनुसार पलेशासहित उनका प्रशिक्षक कविराज नेगीलाई ३ लाख र नेपाल तेक्वान्दो संघ बागमती प्रदेश समितिलाई ३ लाख रुपैयाँ प्रदान गरिनेछ।

त्यस्तै १९ औं एसियाली खेलकुदमा करातेमा नेपाललाई ऐतिहासिक रजत पदक दिलाएकी एरिका गुरुङलाई ५ लाख रुपैयाँसहित सम्मान गरिने मन्त्री महर्जनले बताउनुभयो। एरिकाले एसियाडमा महिला ६८ केजी तौल समूहमा रजत पदक जितेकी थिइन्। एरिकाले २५ वर्षपछि नेपाललाई करातेमा रजत पदक दिलाएकी हुन्। यसअघि सविता राजभण्डारीले देशलाई रजत पदक दिलाएकी थिइन् । नेपालका लागि सन् १९९८ मा बैंककमा भएको १३ औं एसियाली खेलकुदमा तेक्वान्दोकी सविताले पहिलो पटक रजत दिलाएकी थिइन् ।

प्रदेश सरकारले एरिकाको प्रशिक्षक कुशल श्रेष्ठलाई १ लाख रुपैयाँ र नेपाल कराते महासंघ बागमती प्रदेश समितिलाई २ लाख रुपैयाँ प्रदान गर्ने भएको छ । प्रदेश सरकारले आफ्नो क्षेत्राधिकारमा रहेर देशलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने खेलाडीहरुलाई पुरस्कृत गर्ने मन्त्री महर्जनले बताउनुभयो । खेलकुद क्षेत्रको विकास र खेलाडी प्रोत्साहनमा प्रदेश सरकारले लगानी बढाउने उहाँले बताउनुभयो । गत भदौ २६ गतेको मन्त्रिपरिषद्बाटै उक्त निर्णय गर्ने तयारी भएपनि कानुनी समस्याका कारण निर्णय हुन नसकेको उहाँले जानकारी दिनुभयो । मुख्यमन्त्री बहादुर सिंह लामाको योजना अनुसार संविधान दिवसको अवसरमा पदक विजेता खेलाडी, प्रशिक्षक र प्रदेश समितिलाई पुरस्कृत गरिने उहाँको भनाइ छ ।

## बागमती विश्वविद्यालयको उपाध्यक्षमा सुवेदी

समाज संवाददाता

हेटौंडाः बागमती विश्वविद्यालयको उपाध्यक्षमा कुसुमराज सुवेदी नियुक्त हुनुभएको छ। मंगलबार बसेको बागमती विश्वविद्यालयको कार्यकारी परिषद्ले सुवेदीलाई उपाध्यक्ष नियुक्त गरेको हो ।

चितवन जिल्लाको खैरहनी-५ निवासी सुवेदी २० वर्षदेखि शिक्षण पेशामा आवद्ध हुनुहुन्छ । खैरहनी-३ स्थित सहिद स्मृति बहुमुखी क्याम्पसमा अध्यापन गराउँदै आउनुभएका सुवेदीले त्रिभुवन विश्वविद्यालयबाट शिक्षाशास्त्र संकायमा शिक्षाशास्त्र तथा पाठ्यक्रम मूल्यांकन अन्तर्गत शिक्षणविधि विषयमा विद्यावारिधी गर्नुभएको छ ।

बागमती विश्वविद्यालयको विधान २०८० को परिच्छेद ६ को दफा १२ मा व्यवस्था गरिएको कार्यकारी परिषद्ले सुवेदीलाई उपाध्यक्षमा नियुक्त गरेको हो। सोही विधानको परिच्छेद ८ को दफा १५ मा उपाध्यक्षको व्यवस्था गरिएको छ । उक्त दफाको उपदफा (१) मा उपाध्यक्ष विश्वविद्यालयको प्रशासकीय



प्रमुख हुने व्यवस्था गरिएको छ भने उपदफा २ मा उपाध्यक्षको नियुक्ति संरक्षक समितिले गठन गरेको छनौट समितिले सिफारिस गरेका तीनजना उम्मेदवार मध्येबाट कार्यकारी परिषद्ले गर्ने व्यवस्था छ। सोही व्यवस्था अनुसार संरक्षक समितिले सुवेदीलाई जिम्मेवारी दिएको हो। विधान अनुसार उपाध्यक्षको पदावधि ४ वर्षको रहने छ ।

सुवेदीसहित ५ जना आकांक्षीको नाम उपाध्यक्ष नियुक्तिका लागि सिफारिस समितिले संक्षिप्त सूचिमा समावेश गरेको थियो। सिफारिस समितिले उपाध्यक्ष नियुक्ति मापदण्ड अनुसार माग गरेका कागजात र कार्ययोजना अनुसार आकांक्षीले आवेदन पेश गरेका थिए। विश्वविद्यालयको उपाध्यक्षले अध्यक्षको सामान्य रेखदेख र निर्देशनमा शैक्षिक, आर्थिक र सामान्य प्रशासन सम्बन्धी कार्य गर्ने व्यवस्था विधानमा गरिएको छ । उपाध्यक्षले विश्वविद्यालयको वार्षिक योजना तथा बजेट तयार गरी कार्यकारी परिषद्मा पेश गर्ने, विश्वविद्यालयको सञ्चालन खाताको जिम्मेवारी लिई सञ्चालन गर्ने, विश्वविद्यालयको लेखा राख्ने, लेखापरीक्षण गराउने जिम्मेवारी रहने छ ।

विश्वविद्यालयमा अध्ययन अध्यापनका लागि आउने विदेशी विद्यार्थी तथा शिक्षकहरुको प्रवेशाज्ञा अनुमति तथा अध्यागमन सम्बन्धी कार्य मन्त्रालयमार्फत नेपाल सरकार समक्ष पेश गर्ने, विश्वविद्यालयमा विद्यार्थी दर्ता गर्ने, विद्यार्थीको तथ्यांक राख्ने, स्थानान्तरणको प्रमाणपत्र जारी गर्ने, गराउने जिम्मेवारी उपाध्यक्षमा रहेको छ ।




## शिक्षाको गुणस्तर बढाउन अभिभावक सुधार्नुपर्छ

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले शिक्षाको गुणस्तर बढाउन अभिभावकलाई सुधार गर्नुपर्ने बताउनु भएको छ। उहाँले शिक्षा क्षेत्रको गुणस्तर बढाउन र नतिजामुखी बनाउन अभिभावकलाई जिम्मेवार बनाउनुपर्ने बताउनुभयो ।

राष्ट्रिय शिक्षा दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले अभिभावकको निगरानीमा बालबालिका राख्न सकेमा शैक्षिक गुणस्तर सुधारमा उपलब्धीमूलक नतिजा हासिल हुने बताउनुभयो। बालबालिकाको पहिलो शैक्षिक संस्था घर भएकाले पारिवारिक वातावरण, अभिभावकको हेरचाह, निगरानी तथा व्यवहारले शैक्षिक गुणस्तर कायम गर्न सहयोग मिल्ने उहाँको भनाइ छ । शिक्षक, अभिभावक र विद्यार्थीको समन्वयमा मात्र शिक्षा क्षेत्रको गुणस्तर सुधार गर्न सकिने उहाँले बताउनुभयो ।

मुख्यमन्त्री लामाले असल नागरिक निर्माणका लागि शिक्षाको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । सामुदायिक विद्यालयको गुणस्तर सुधारमा सरकार गम्भीर रहेको उहाँको भनाइ छ । शिक्षालाई अनुसन्धानात्मक र व्यवहारिक बनाउन जरुरी रहेको उहाँको भनाइ छ। सोहीअनुसार बागमती प्रदेश सरकारले काम गरिरहेको मुख्यमन्त्री लामाले बताउनुभयो ।

उहाँका अनुसार शैक्षिक पाठ्यक्रम परिमार्जन गर्दै विद्यार्थीहरुलाई व्यवहारिक ज्ञान अभिवृद्धिमा अघि बढ्नुपर्ने हुन्छ । उक्त कार्यका लागि तीन तहका सरकार बिचको दरिलो समन्वय र संयन्त्र विकास गर्नुपर्ने मुख्यमन्त्री लामाले बताउनुभयो । पठनपाठनको प्रवृत्ति सुधार गर्दै शिक्षाको गुणस्तर कायम गर्न सरकारले भूमिका खेल्नुपर्ने उहाँको भनाइ छ। असान्दर्भिक ऐन, नियम र कानुनलाई समायानुकूल परिमार्जन गरेर शिक्षाको गुणस्तर कायम गर्न र सामुदायिक विद्यालयको अवस्था सुधार गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीले सामुदायिक विद्यालयको अवस्था सुधारमा प्रदेश सरकारले लगानी बढाउने बताउनुभयो । उहाँले सरकारको पहलमा मात्र शिक्षा क्षेत्र सुधार सम्भव नरहेकाले सबै सरोकारवाला निकाय गम्भीर रहनुपर्ने बताउनुभयो। सामुदायिक विद्यालयको नतिजा सुधार गर्न शिक्षक तथा अभिभावक र विद्यालय व्यवस्थापन समितिलाई ठोस योजना निर्माण गर्न निर्देशन दिनुभयो । युवा, विद्यार्थी पलायन रोक्न र दक्ष जनशक्ति उत्पादनमा शिक्षा क्षेत्रको भूमिका महत्वपूर्ण रहने उहाँको भनाइ छ ।

### १० विद्यालय पुरस्कृत

शिक्षा दिवसको अवसरमा प्रदेशका १० विद्यालयलाई पुरस्कृत गरिएको छ । दिवसको अवसरमा ५ सामुदायिक र ५ संस्थागत विद्यालयलाई नगदसहित पुरस्कृत गरिएको हो ।

शिक्षा विकास निर्देशनालय बागमती प्रदेशले छनौट गरेका सामुदायिकतर्फका मेघा माध्यमिक विद्यालय तेखापुखु भक्तपुर, बलम्बु माध्यमिक विद्यालय चन्दागिरि नगरपालिका काठमाडौं, पृथ्वी माध्यमिक विद्यालय विदुर-४ नुवाकोट, तरुण माध्यमिक विद्यालय बालाजु काठमाडौं र श्रम राष्ट्रिय माध्यमिक विद्यालय कुमारीगाल काठमाडौं उत्कृष्ट भएका छन्। संस्थागततर्फ ह्विज किड्स इन्टरनेशनल स्कूल बालुवाटार काठमाडौं, रिलायन्स इन्टरनेशनल एकेडेमी बुढानिलकण्ठ काठमाडौं, गोकर्णेश्वर लाइट एकेडेमी गोकर्णेश्वर काठमाडौं, शांकरी स्कुल छाउनी काठमाडौं र माउण्ट ग्लोरी इग्लिस बोर्डिङ स्कूल उत्कृष्ट भएका हुन्। उत्कृष्ट सामुदायिक र संस्थागत विद्यालयहरुलाई क्रमशः १ लाख रुपैयाँ, ८० हजार, ७० हजार, ६० हजार र ५० हजार रुपैयाँसहित पुरस्कृत गरिएको थियो ।

शिक्षा दिवसको अवसरमा आयोजित निबन्ध लेखन प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरुलाई पनि पुरस्कृत गरिएको थियो । जसमा स्कृति चौलागाई काँसबारी माध्यमकि विद्यालय काठमाडौं प्रथम, सुमना बुढाथोकी स्याउरी भूमि माध्यमिक विद्यालय शिवपुरी नुवाकोट द्वितीय, अविना कार्की भालेश्वर माध्यमिक विद्यालय पनौती काभ्रे तृतीय भएका थिए। उनीहरुलाई क्रमशः १० हजार, ८ हजार र ५ हजार नगद पुरस्कार प्रदान गरिएको थियो ।



## सम्पादकीय

# कार्यान्वयन नहुने आयोजना

सरकारले नीति तथा कार्यक्रममा समावेश गर्दै आवश्यक रकम विनियोजन गरेका थुप्रै आयोजना कार्यान्वयन हुन सकिरहेको छैन । कार्यान्वयन गर्न नसक्ने आयोजना घोषणा गर्ने र विनियोजित बजेट खर्च गर्न नसक्ने परिपाटीले विकासको गतिलाई कमजोर बनाइरहेको छ । सरकारले अघि सारेको कतिपय परियोजना छनोटदेखि कार्यान्वयनसम्म थुप्रै समस्या देखिने गरेको छ । आयोजना घोषणा गरेर बजेट विनियोजन गर्नुलाई नै विकास भएको मान्ने सरकारको रवैया चुनौतीपूर्ण बनिरहेको छ । संघ, प्रदेश र स्थानीय तीन तहको सरकारबिच आवश्यक समन्वय नहुँदा कतिपय आयोजनामा दोहोर पन देखिने गरेको छ । एकै ठाउँमा एउटै काम गर्न एकभन्दा बढी तहको सरकारले आयोजना अघि सार्दा थप समस्या भइरहेको छ । स्थानीय तहले गर्नुपर्ने खुद्रा विकास निर्माणका काममा प्रदेश तथा संघले आफ्नो कार्यक्रममा समावेश गर्नु अर्को चुनौती बनिरहेको छ ।

बागमती प्रदेशको भौतिक पूर्वाधार विकासका एक सय ७६ आयोजनाहरु कार्यान्वयनमा आउन नसक्नुले समस्या प्रष्ट हुन्छ । गत आर्थिक वर्ष २०८०/०८१ मा प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतका एक सय ७६ आयोजना अघि नबढ्नुले कार्यान्वयनमा जटिलता रहेको बुझ्न सकिन्छ । वार्षिक स्वीकृत बजेटमा समावेश भएका आयोजना छनोटमा त्रुटि हुँदा कार्यान्वयनमा समस्या भएको हो । आवश्यक पूर्वतयारीबिना आयोजनाका लागि बजेट विनियोजन गर्दा कार्यान्वयन नभएको हो । विस्तृत परियोजना प्रतिवेदनलगायत आवश्यक पूर्वतयारीबिना बजेट छुट्याइएका ती आयोजना कार्यान्वयनमा आउन नसकेका हुन् । प्रदेश सरकारले बजेट विनियोजन गरेको सडक पूर्वाधारका ६६, सडक पुल ५६, भवन ३२, झोलुङ्गे पुल ६ र अन्य सार्वजनिक निर्माणका ५ वटा आयोजना कार्यान्वयनमा नआएका हुन् । यस्तै, संघीय सशर्त अनुदानको ५ वटा सडक र ६ वटा पुल निर्माणका आयोजना पनि कार्यान्वयनमा आउन नसकेको हो ।

आवश्यक बजेटसमेत विनियोजन गरेका आयोजना कार्यान्वयनमा नआउने मात्र होइन, कार्यान्वयनमा गएका आयोजना पूरा नहुने समस्या पनि उत्तिकै देखिएको छ । बागमती प्रदेश सरकारले गत आर्थिक वर्ष कार्यान्वयनमा ल्याएको एक सय ८८ वटा आयोजनाहरु अधुरै रहनुले ठूलै समस्या रहेको देखाउँछ । सडक निर्माणका एक सय २, सडक पुल निर्माणका ६२, झोलुंगे पुल निर्माणका ५, भवन निर्माणका १५ वटा प्रदेश सरकारका आयोजना अधुरो रहेका छन् । यस्तै, संघीय सशर्त अनुदानका कतिपय आयोजनासमेत अधुरो भएका छन् । मन्त्रालयको बजेट कार्यक्रम स्वीकृत भएका २ हजार ७ सय १७ आयोजनामध्ये २ हजार एक सय ८१ आयोजनामात्र सम्पन्न भएका छन् । जसमध्ये सडक निर्माणका २ हजार एक सय ७ आयोजनामध्ये १ हजार ८ सय ६७ सम्पन्न हुँदा पुल निर्माणको आयोजनाको प्रगति भने निराशाजनक छ । मन्त्रालयको बजेटका २ सय ४ सडक पुलमध्ये ३७ मात्र सम्पन्न भएका हुन् । संघीय सशर्त अनुदानमा परेका ३४ वटा पुलमध्ये ६ वटा मात्र सम्पन्न भएका छन् ।

आयोजनाको मापदण्ड, आर्थिक, सामाजिक, रणनीतिकलगायतका लाभ विश्लेषण नगरी छिटो योजना छनोट गर्ने र बजेट विनियोजन गर्ने प्रवृत्तिले आयोजना कार्यान्वयन नहुने समस्या बढाएको छ । राजनीतिक पहुँच र दलीय स्वार्थमा छनोट गरिएका आयोजनामा बजेट विनियोजन गर्दा यस्तो समस्या बढेको हो । कागजीरुपमा योजना छनोट गर्ने र बजेट सुनिश्चित गर्ने परिपाटीले कार्यान्वयन हुन नसकेका योजना संघ र प्रदेशका धेरै छन् । सरकारले परियोजना बैंक निर्माण गरेर पूर्वसम्भाव्यता अध्ययन, डिपीआर निर्माण, वातावरणीय प्रभाव मूल्यांकन, जग्गा प्राप्ति, साइट क्लियरलगायत सबै पूर्वतयारी गरेर कार्यान्वयनमा जानसक्ने आयोजनाका लागि मात्र बजेट विनियोजन गर्ने परिपाटी विकास नहुँदासम्म यो समस्या समाधान हुनेछैन । खल्तीका आयोजनालाई बजेट दिने अवस्था हुँदासम्म कार्यान्वयन नहुने आयोजनामा कमी नआउने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : अध्ययन–अध्यापनका कामबाट लाभ प्राप्त । |
| वृष | : मतभेद र आन्तरिक समस्यामा वृद्धि होला । |
| मिथुन | : मान्यजनको विश्वास पत्र नलिने समय छ । |
| कर्कट | : घमण्डले केही समस्याहरु पैदा हुने योग छ । |
| सिंह | : विश्वास र भरोसाको वातावरण बन्ने समय छ । |
| कन्या | : बानी र व्यवहारमा परिवर्तन गर्दा राम्रो हुन्छ । |
| तुला | : बन्धुबान्धवबाट सहयोग प्राप्त हुने योग छ । |
| वृश्चिक | : बोली व्यवहारले धेरैलाई आकर्षण गर्ने छ । |
| धनु | : साँस्कृतिक क्रियाकलापमा मन जाने समय योग छ । |
| मकर | : राम– रमाइलोमा मन जाने समय योग छ । |
| कुम्भ | : मनमा चिन्ता र छटपटी बढ्ने समय छ । |
| मीन | : धार्मिक एवं साँस्कृतिक काममा सरिक भइने छ । |

# जति हेरे पनि नअघाइने कन्याम

**कन्याम चिया बगान हेरेर कहिल्यै नथाक्ने यी आखाँहरू त्यहा ओर्लिएर घोडा चढ्ने, फोटो खिच्ने, मनोरम दृश्य अवलोकन गर्ने जस्ता कार्यमा पुनः केही समय सक्रिय भए । करिब २ घण्टापछि यात्रा झापाको लागि ओरालो झरियो । बिर्तामोडमा आएर खाना खाइसकेपछि पूर्वको चर्चित सामुदायिक वन "जामुनबारी" को अवलोकन गरियो ।**



✎शत्रुधन दुलाल

### यात्रा संस्मरण



शिक्षण पेसाबाट निवृत्त भइसकेपछि म केही संस्थातिर भूल्ने क्रममा रानी सामुदायिक वन हेटौंडा-६, चौघडामा आबद्ध भएँ, जुन गणेशमान राष्ट्रिय पुरस्कार लगायतका दर्जनौं पुरस्कारबाट सम्मानित भैसकेको छ । यस वनबाट समय समयमा अन्य वनको अवलोकन गर्ने परम्पराअनुसार इलाम जाने र बाटामा पर्ने वनहरूको अवलोकन गर्ने निर्णय गरियो ।

वि.स. २०८० साल चैत्र २७ गते हामी मकवानपुरगढी-३ गाउँपालिकाबाट इलामका लागि बस चढ्यौं । बस हेटौंडातर्फ हुँइकियो । पिप्लेपुगेपछि पुनः पूर्वतर्फ अर्थात् चौघडा, (जहाँ वन कार्यालय छ) तर्फ लाग्यो । त्यहाँ पुगेपछि अन्य समितिलगायत केही उपभोक्ताहरुलाई चढाएर बस अगाडि बढ्यो । सुरुको केही समय बसभित्र मौनता छायो । केही समयपछि हाम्रा कार्यालय सचिव भीमसेन पौडेलले यात्राको गन्तव्य, अवलोकन गर्ने ठाउँ, खाजा, खाना, बास आदिका बारेमा जानकारी गराए । अध्यक्ष विष्णुप्रसाद न्यौपानेले अन्य थप विषयमाथि प्रकाश पार्नुभयो । त्यस पछि सुरु भयो यात्राको छुट्टै मज्जा । गीत तथा नाचले निदाएका साथीहरूलाई जुरुक्क उठेर नाच्नै जस्तो रमाइलो वातावरण सृजना भयो यसै बिच सिन्धुलीको एउटा सानो बजारमा पुगेर चिया नास्ता गरियो र बस पुनः हुँइकियो । उदयपुरको गाइघाट नजिकै पुगेर बस टक्क अडियो । त्यसबेला दिनको १२:०० बजिसकेको थियो । सबै जना खानाको लागि तयार भयौं । खाजा, खाना र बासको लागि एउटा समिति नै बनाएका थियौं । सोही समितिको योजनाअनुसार हामी तयार हुन पर्थ्यो । त्यसै गरी अन्य उपसमितिहरू जस्तै मनोरञ्जन, प्रतिवेदन लेखन, आर्थिक अनुशासन आदि थिए । खानापछि हाम्रो यात्रा पूर्वतर्फ नै अगाडि बढ्यो । बेलुका ७:०० बजे झापाको चारआली भन्ने ठाउँमा पुगेर हाम्रो बस रोकियो । त्यहाँ हामीलाई प्रतीक्षा गरेर बस्नु भएका दुइ जना आउनु भयो र वहाँके पछि लागेर हामी सबै होटल भित्र पस्यौं । पछि थाहा भयो, वहाँहरू झापा जिल्लाका वन महासंघका सदस्यहरू हुनुहुँदो रहेछ । यसरी हाम्रो पहिलो दिनको यात्रा समाप्त भयो ।

चैत्र २८ गते बिहान ५:०० बजे नै उठनुपर्ने सल्लाहअनुसार हामी सबै उठेर तयार भयौं र बसमा चढ्यौं । त्यहाँबाट नजिकै एउटा ठूलो सामुदायिक वनको अवलोकन गर्यौं । त्यस वनमा काठ दाउरा बाहेकका अन्य आम्दानीका स्रोतहरू पनि रहेछन् । अदुवा खेती, बेसार खेती, माछापालन जस्ता खेतीका लागि वनले समूह बनाएर जिम्मा दिएको रहेछ, जसले गर्दा वनका नजिकका उपभोक्तालाई वन्यजन्तुबाट हुने नोक्सानीमा केही राहत पुग्ने रहेछ । त्यसपछि हामी फेरि सोही होटलमा बिहानको खाना खाएर इलामतिर उकालो लाग्यौं । हाम्रो मनोरञ्जन टोलीले फेरि रमाइलो सुरु गर्‍यो, जसले हामीलाई बस कति छिटै गुडेको होला जस्तो भान गराइरहेको थियो । त्यतीकैमा इलामको कन्याम चिया बगान आइपुग्यो र बस रोकियो । हामी सबै बसबाट ओर्लियौं र सानातिना टोलीमा छरपस्ट भयौं । यो मेरो तेस्रो पटकको कन्यामको अवलोकन थियो तर मलाई हेरेर आनन्द लिन पुगेको थिएन । चैत्र महिनाको तातो दिनमा पनि सरर चिसो हावाको आनन्दका साथै पातलो घुम्टो ओढेकी वेहुली जस्तै कुहिरोले ढाकेका थुम्काहरु । आहा ! जति हेरे पनि नपुग्ने । सेल्फीको पनि छुट्टै रौनक । पातला र छोटा स्कटलाई हावाको झोक्काले पुऱ्याएको अप्ठेरोपनलाई नियन्त्रण गर्न हम्मे हम्मे थियो नानीहरुलाई । यतिबेला सम्म घण्टा वितेको पत्तै भएन ।

बस गुड्ने बेला भयो । हामी बसमा पुनः चढ्यौं । हाम्रो बस इलामतिर जानको लागि कन्यामबाट झर्न शुरु गऱ्यो । हाम्रो देशको भूगोल नै त्यस्तो जहाँ जाँदा पनि ओराली-उकाली, घुम्ती, पूलपुलेसा पार गर्नुपर्ने । त्यहाँ पनि धेरैवटा घुम्ती पार गर्दै माइखोलाको पुल तर्यौं । विस्तारै उकालाका घुम्ती पार गर्दै इलाम बजार पुग्यौं । यहाँ पनि वन समूहका साथीहरूले खाना र बासको व्यवस्थापन गरिसक्नु भएको रहेछ, जसअनुसार हामी होटलभित्र छिर्यौं । पहाडी बजार तर अग्ला र अत्याधुनिक शैलीका घरहरूले टमक्क भरिएको सफा र राम्रो लाग्यो । ८:३० मा हामी खाना खाइसकेपछि केही समय समीक्षा भेला भनेर जम्मा भयौं, जहाँ पालैपालो यात्राका बारेमा आ-आफ्ना भनाइहरु राख्ने काम भयो । त्यसै बेला केही साथीहरुले बसको अवस्था र कम गति भएको भन्ने कुरा उठेपछि हामी दुई जनाको अनुहार निबुवा निचोरेको भन्दा पनि बढी निचोरियो किनभने बस खोज्ने जिम्मा हामी दुई म र समूहका कर्मचारी हरिचन्द्रको थियो । त्यतिकैमा अर्का एक सहयात्रीले "बसको कुरा नगरौं । ढिलो भए पनि ड्राइभर असल छन् । यात्रा सुरक्षित छ" भनेपछि कालो बादलको सेतो घेरा भनेझैं हाम्रो कालो अनुहारमा केही सेता घेरा देखिन पुग्यो जस्तो महसुस भयो । समिक्षात्मक कार्यक्रम सकिएपछि पुनः सुरु भयो सामूहिक गीत र नाच । मैले केही वर्ष अगाडि जनवादी गितहरू गुनगुनाउने गरेको थिएँ तर गाडेको किलो हल्लिएला, मेरो ज्यान हल्लिँदैनथ्यो । एक जना साथीले जबरजस्ती गरेर मेरो ज्यान हल्लाइदिए । करिब रातको १२:०० बजेसम्म रमाइलो गरेर हामी यात्राको दोस्रो रातको निन्द्राको लागि आ-आफ्नो कोठा तर्फ लाग्यौं ।

चैत्र २९ गते बिहान ५:०० बजे हामी सबै बसमा चढ्यौं र पुनः हेटौंडातर्फ फर्कन तयार भयौं । त्यसैअनुसार हाम्रो बस तलतिर झर्न थाल्यो । कन्याम चिया बगान हेरेर कहिल्यै नथाक्ने यी आखाँहरू त्यहा ओर्लिएर घोडा चढ्ने, फोटो खिच्ने, मनोरम दृश्य अवलोकन गर्ने जस्ता कार्यमा पुनः केही समय सक्रिय भए । करिब २ घण्टापछि यात्रा झापाको लागि ओरालो झरियो । बिर्तामोडमा आएर खाना खाइसकेपछि पूर्वको चर्चित सामुदायिक वन "जामुनबारी" को अवलोकन गरियो । फेरि बस हेटौंडातर्फ बढ्यो । बाटामा दोहोरी गीतलगायत बसभित्रकै नाचले हाम्रो बसले दुरी पार गरेको पत्तै नै हुँदैनथ्यो । रातको ९:०० बजे सिन्धुलीको एउटा होटलमा साँझको खाना खायौं । रातमा पनि निद्रा र आराम नभनी र माइलो मै ३० गते बिहान ३:०० बजे मकवानपुरगढी-३ को भानु चोकमा आएर बस टक्क अडिएपछि म ओर्लिएर आफ्नो घरतर्फ लागें ।

मेरो जीवनमा धेरैवटा त्यस्ता भ्रमणहरू भए तापनि त्यो तीन दिने भ्रमण अलि छुट्टै खालको मज्जा र रमाइलाले गर्दा स्मरणीय यात्राको रूपमा अहिले पनि आँखा अगाडि झल्झली आइरहन्छ ।

*मकवानपुरगढी-३, मकान्चुली*

# संविधानः मुलुकको मानचित्र



✎सरोजप्रसाद साह





नेपालको संविधान २०७२ नेपालको विद्यमान संविधान हो । यो नेपालको तत्कालीन 'संविधान सभा'ले बनाएको हो । यो जनताका प्रतिनिधिले पारित गरेको पहिलो र नेपालको सातौं संविधान हो । संविधान सभाको दोस्रो निर्वाचनबाट निर्वाचित संविधान सभाले २०७२ साल भदौ ३० गते यो संविधान दुई-तिहाई भन्दा बढी मतले पारित गरेको हो । साथै नेपालकै इतिहासमा जनता माझ गएर मस्यौदा तयार गरिएको यो पहिलो र विश्वको सबैभन्दा पछिल्लो संविधान हो । नेपालको तराई क्षेत्रका जिल्लाहरूमा यस विरुद्ध आवाज उठाइएता पनि गणक पूरक संख्या पुगाएर यो संविधान दुइतिहाई (नब्बे प्रतिशतभन्दा बढीको) बहुमतमा राष्ट्रपतिबाट घोषणा गरिएको हो । यो संविधान २०७२ असोज १ गते संविधानसभाका बहुमत सदस्यहरूबाट हस्ताक्षर भएपछि सभाध्यक्षबाट प्रमाणित गरिएको थियो । तराईको जिल्लाहरूमा कालोदिन भनि विरोध भएतापनि संविधान २०७२ असोज ३ गते नेपालका राष्ट्रपति रामवरण यादवले नेपालको संविधान २०७२ मा हस्ताक्षर गर्दै संविधान जारी भएको घोषणा गरी लागू गरिएको हो । यस संविधानमा ३५ भाग ३०८ वटा धारा र ९ वटा अनुसूचीहरु रहेका छन् । संविधानले नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गर्नुका साथै पहिलो पटक संघीय मुलुकको रुपमा स्थापित गरेको छ ।

नेपालको संविधानको धारा १६ देखि धारा ४६ सम्म नेपाली जनतालाई ३१ वटा मौलिक हकको प्रत्याभूति गरिएको छ । जसमा सम्मानपूर्वक बाँच्न पाउने स्वतन्त्रता, वाक् तथा अभिव्यक्ति स्वतन्त्रता, धार्मिक तथा सांस्कृतिक स्वतन्त्रता, छुवाछुत तथा भेदभाव विरुद्धको अधिकार आदि पर्दछन् । धारा ४८ मा प्रत्येक नेपाली नागरिकको कर्तव्यको उल्लेख छ ।

हामीले अधिकारको कुरा गर्दा कर्तव्यलाई पटक्कै बिर्सनु हुँदैन । नेपाली जनताले देहायका कर्तव्यलाई बोध गर्नुपर्छ:

*१. राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,*
*२. संविधान र कानूनको पालना गर्नु*
*३. राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,*
*४. सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षण गर्नु ।*

# उद्योग सञ्चालनबिना रोजगारी सिर्जना हुँदैन: मुख्यमन्त्री लामा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले उद्योग सञ्चालनबिना रोजगारी सिर्जना हुन नसक्ने बताउनुभएको छ। बुधबार हेटौंडामा आयोजित बागमती प्रदेश उद्योग परिसंघको तेस्रो साधारणसभालाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री लामाले रोजगारी सिर्जनाका लागि उद्योग सञ्चालन गर्नुपर्ने बताउनुभएको हो ।

सरकारले मात्रै रोजगारी दिन नसक्ने भन्दै उहाँले निजी क्षेत्रसँग समन्वय गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । सरकार र निजी क्षेत्रबीच सम्बन्ध नभएसम्म उद्योग सञ्चालन हुन नसक्ने र रोजगारी पनि सिर्जना नहुने उहाँको भनाइ छ । 'रोजगारी सिर्जना गर्ने पहिलो उपाय भनेको उद्योग सञ्चालन हो । अहिले कुनै पनि क्षेत्रबाट उद्योगलाई सपोर्ट भएको देख्दिन । त्यसैले लगानी गर्ने क्षेत्रहरु यताभन्दा विदेशमा बढी लगानी गर्न पुगेको छ', मुख्यमन्त्री लामाले भन्नुभयो । उहाँले उद्योग कसरी भित्र्याउने भन्ने कुरामा सरकारले हातेमालो गर्दै संरक्षणको विषयमा अनुसन्धान गर्नुपर्ने बताउनुभएको छ । यसको अनुसन्धान गरेर लगानीकर्ताहरुलाई यहाँ ल्याउन, लगानीकर्तालाई निरुत्साहित हुने खालको ऐन, कानुन छ भने परिवर्तन गर्न र तीनै तहको सरकारको अधिकार के भन्ने कुरामा सम्बन्ध हुनुपर्ने उहाँले बताउनुभयो ।

प्रदेशमा उद्योग हेर्ने कानुन नरहेको भन्दै मुख्यमन्त्री लामाले जग्गाको अधिकार पनि प्रदेश सरकारसँग नहुँदा उद्योग सञ्चालन गर्ने ठाउँ दिन नसकिएको बताउनुभयो । प्रदेशको आम्दानी बढाउने, स्रोतको परिचालन र अनुसन्धान गर्ने भन्ने रहे पनि त्यो हुन नसकिरहेको मुख्यमन्त्री लामाको भनाइ छ । प्रदेशले गर्नुपर्ने ऐन, कानुन परिवर्तनमा व्यवसायीसँग हातेमालो गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

मुख्यमन्त्री लामाले देशमा ठूला अन्तर्राष्ट्रिय कम्पनीहरु ल्याउन वातावरण बनाउन नसकिरहेको बताउनुभएको छ । लाइसेन्स लिन गाह्रो र हरेक क्षेत्रबाट निरुत्साहित हुने काम मात्र हुँदा उद्योगको विकास हुन नसकेको उहाँको भनाइ छ । लगानीकर्ताहरुलाई सुरक्षा दिएर उद्योगग्राम बनाउनेतर्फ सोच्न आवश्यक रहेको उहाँको भनाइ छ ।

अहिले हेटौंडा औद्योगिक क्षेत्रमा बस्ती बढेसँगै उद्योग नै सञ्चालन गर्न पनि गाह्रो अवस्थामा आइसकेको उहाँले बताउनुभयो । बस्ती बढ्न थालेसँगै प्रदूषणका कुराहरु आउन थालेको र उद्योग नै चलाउन नसकिने अवस्था आएको मुख्यमन्त्री लामाको भनाइ छ । सबैले आ-आफ्नो ठाउँबाट उद्योग सञ्चालनका लागि सहयोग गर्नुपर्ने र उद्योग फष्टाउने वातावरण बनाउनुपर्ने उहाँले बताउनुभयो । यसो नभएमा रोजगारी सिर्जना नहुने र विदेश पलायन हुने अवस्था आउने उहाँको भनाइ छ ।

बागमती प्रदेशको उद्योग, वाणिज्यमन्त्री सुकमाया तामाङले लोकल मदिरालाई ब्राण्डिङ गर्ने गरी उद्योग स्थापना हुनुपर्ने बताउनुभएको छ। यसलाई कार्यान्वयन गर्न संघ सरकारसँग वृहत् छलफल भइरहेको भन्दै उहाँले उद्योग सञ्चालन गर्ने अधिकार प्रदेशमा हुनुपर्ने बताउनुभएको छ । उहाँले प्रदेशलाई आर्थिकरुपले सम्पन्न गराउने र युवाहरुलाई रोजगारी दिनुपर्ने मन्त्रालयमा बजेटको प्राथमिकता नभएको भन्दै गुनासो गर्नुभएको छ ।

नेपाल उद्योग परिसंघका केन्द्रीय उपाध्यक्ष वीरेन्द्रराज पाण्डेले औद्योगिक विकासले देशको आर्थिक अवस्था सुदृढ हुनसक्छ भन्ने सबैले बुझेको तर नीतिगत विषय र कार्ययोजनामा तीनै तहको सरकारको प्राथमिकतामा पर्न नसकेको बताउनुभयो । जनसंख्या, उद्योग स्थापना, भौतिक पूर्वाधार, बजार, पर्यटन र आयात-निर्यातका लागि सीमा नाकाको हिसाबले अब्बल बागमती प्रदेशले आर्थिक गतिविधि र औद्योगिक विकासमा गति लिन नसकिरहेको पनि उहाँले बताउनुभयो । अहिले बजारमा औद्योगिक उत्पादनको माग १३ प्रतिशतभन्दा बढीले घटेको भन्दै उहाँले औद्योगिक उत्पादनको मागलाई वृद्धि गर्न औद्योगिक उत्पादनको प्रदर्शन हुन जरुरी रहेको बताउनुभयो। उहाँले बागमती प्रदेश सरकारलाई लगानी सम्मेलनको आयोजना गर्न माग गर्नुभएको छ ।

उद्योग परिसंघ बागमती प्रदेशका अध्यक्ष लेखराज पोखरेलको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख तीर्थराज चिलुवाललगायतको आतिथ्य रहेको थियो ।

# शिक्षक परीक्षामा १७९ अनुपस्थित

समाज संवाददाता

हेटौंडाः शिक्षक सेवा आयोगले गत शनिबार सञ्चालन गरेको प्राथमिक तहको दोस्रो चरणको परीक्षाअन्तर्गत हेटौंडास्थित परीक्षा केन्द्रमा एक सय ७९ जना परीक्षार्थी अनुपस्थित भएका छन् । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरकी प्राविधिक सहायक सरला अधिकारीका अनुसार दोस्रो चरणको परीक्षामा तीन हजार नौ सय ६५ जना परीक्षार्थी सहभागी भएका थिए ।

आयोगले गत असार २२ गते लिएको पहिलो चरणको परीक्षामा चार हजार एक सय ४४ जना उत्तीर्ण भएका थिए । दोस्रो चरणको परीक्षाको नतीजा प्रकाशन भएपछि अन्तरवार्ता लिएर योग्य उम्मेदवारलाई शिक्षकको रुपमा छनोट गर्नेछ ।

हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पस र सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय, भुटनदेवी माध्यमिक विद्यालय र हेटौंडा क्याम्पस, हेटौंडा-५ स्थित बालज्योति माध्यमिक विद्यालय र हेटौंडा-११ स्थित त्रिभुवन माध्यमिक विद्यालयमा परीक्षा केन्द्र निर्धारण गरिएको थियो ।

# यश लामाको कृति 'बहिष्कृत आवाज' शनिबार सार्वजनिक हुँदै

समाज संवाददाता

हेटौंडाः कवि यश लामाको पहिलो कृति 'बहिष्कृत आवाज' शनिबार हेटौंडामा विमोचन हुँदैछ । लामाको पहिलो कृतिको रुपमा कविता संग्रह 'बहिष्कृत आवाज' सार्वजनिक हुन लागेको हो ।

कविता सङ्ग्रहमा सामाजिक रुपमा पछाडि परेका, समाजबाट बहिष्कार भएका वर्गको आवाज कविता मार्फत प्रस्तुत गर्ने प्रयास गरिएको लेखक लामाको भनाइ छ । विद्यालय जीवनदेखि नै कविता लेख्दै आउनुभएका बारा जिल्लाको निजगढ नगरपालिका-७ का स्थायीवासी लामाले करिब १० वर्ष अवधिमा लेखिएका ४५ वटा कवितालाई 'बहिष्कृत आवाज' मा समावेश गर्नुभएको छ ।

"विद्यालय जीवनदेखि नै कविता लेख्ने प्रयास गरेको हुँ । २०६८ सालदेखि भने सचेत भएर कविता लेख्न थालें", लामाले भन्नुभयो, "बहिष्कारमा परे, पारिएका वर्गको आवाजलाई कवितामार्फत प्रस्तुत गर्ने प्रयास गरेको छु ।" लामाको कृति सांग्रीला बुक्सले प्रकाशन गरेको हो । शनिबार सार्वजनिक हुने यश लामाको 'बहिष्कृत आवाज' कवितासंग्रहमाथि मकवानपुरगढी गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी नेपाली र डा. रामजी रामले विमर्श गर्नुहुनेछ ।

विभिन्न कविता प्रतियोगिताहरुमा सहभागी भएर पुरस्कृत हुनुभएका लामा अहिले शिक्षण पेशामा आवद्ध हुनुहुन्छ । २०६१ सालमा बारा जिल्लाको निजगढ नगरपालिका-७ स्थित नेत्रोदय माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गर्नुभएका लामाले कक्षा ११ र १२ निजगढ-८ स्थित गौरीशंकर माध्यमिक विद्यालयबाट पूरा गर्नुभयो । शिक्षाशास्त्र संकायबाट नेपाली विषयमा स्नातक र स्नात्तकोत्तर तहको शिक्षा लामाले हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसबाट पूरा गर्नुभयो । २०६५ सालदेखि नै शिक्षण पेशामा सक्रिय लामाले २०७६ सालमा शिक्षक सेवा आयोगले लिएको निमावि तहको परीक्षा उत्तीर्ण गरी स्थायी सेवामा हुनुहुन्छ । लामा हाल निजगढ-७ स्थित नेत्रोदय माध्यमिक विद्यालयमा कार्यरत हुनुहुन्छ ।

# निबन्ध लेखन प्रतियोगितामा स्मारिका प्रथम

समाज संवाददाता

हेटौंडाः संविधान दिवसको अवसरमा आयोजना गरिएको निबन्ध लेखन प्रतियोगितामा पालुङ बहुमुखी क्याम्पसकी स्मारिका ढकाल प्रथम हुनुभएको छ। मंगलबार बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयमातहतको शिक्षा विकास निर्देशनालयको कार्यालयमा भएको प्रतियोगितामा ढकाल प्रथम हुनुभएको शिक्षा विकास निर्देशनालयका सूचना अधिकारी घनश्याम खनालले जानकारी दिनुभयो ।

स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई "संविधान कार्यान्वयनका नौं वर्षः उपलब्धि र चुनौति" विषयमा निबन्ध लेखन प्रतियोगिता गरिएको थियो । प्रतियोगितामा मकवानपुर जिल्लाका ३ वटा क्याम्पसबाट मात्रै विद्यार्थी सहभागी थिए । निबन्ध लेखनका लागि १ घण्टाको समय दिइएको खनालले जानकारी दिनुभयो । प्रतियोगितामा थाहा नगरपालिकामा रहेको पालुङ क्याम्पस, हेटौंडा-६ स्थित वंशगोपाल बहुमुखी क्याम्पस र हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसबाट ४ जना विद्यार्थी सहभागी भएका थिए । उपस्थित मध्ये पालुङ क्याम्पस मकवानपुरकी ढकाल प्रथम, मकवानपुर बहुमुखी क्याम्पसकी जमुना थिङ द्वितीय, वंशगोपाल बहुमुखी क्याम्पसकी प्रकृति पौडेल तृतीय र सन्तोष पुडासैनी सान्त्वना हुन सफल हुनुभएको छ । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई बिहीबार मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयले आयोजना गरेको कार्यक्रममा क्रमशः १० हजार, ८ हजार, ५ हजार र ३ हजार रुपैयाँ सहित प्रमाणपत्र प्रदान गरिनेछ ।

## नवयुवा बचत तथा ऋण सहकारी संस्थाको

## १६औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस नवयुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६ औं वार्षिक साधारणसभा सम्बन्धमा सम्पूर्ण सेयर सदस्यज्यूहरुलाई पत्र, एसएमएस, सञ्चारका विभिन्न माध्यमबाट जानकारी गराइसकिएको छ । यदि जानकारी प्राप्त नभए यसै सूचनालाई आधार मानी तपसील बमोजिम आयोजना गरिएको हुँदा सम्पूर्ण सेयर सदस्यज्यूहरुलाई उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**तपसील**

मितिः २०८१ असोज ५ गते शनिबार
समयः बिहान १०:३० बजे
स्थानः नवलपुर पार्टी प्यालेस

**फूलमान श्रेष्ठ, अध्यक्ष**

**नवयुवा बचत तथा ऋण सहकारी संस्था लि.**

**हेटौंडा-११, नवलपुर (०५७-५२४७३४)**

**हाम्रो सुमो सेवाको नयाँ प्रस्तुती...**



**असोज ७ गते सोमबारबाट सेवा शुभारम्भ**

**Electric Van**
**विद्युतीय भ्यानमा यात्रु सेवा**





२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

**हेटौंडा-काठमाडौं-हेटौंडा** **हेटौंडा-बीरगन्ज-हेटौंडा**

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

**१५ पटकको यात्रापछि एउटा टिकट निशूल्क ।**

**अग्रीम बुकिङ गरी दुईतर्फी टिकट लिएर ५ दिनभित्र यात्रा गरेमा दुईतर्फी टिकटको मूल्य ११००/- मात्र ।**
**हेटौंडा र काठमाडौं दुबैतर्फबाट गाडी छुट्ने समयः बिहान ६, ८, १०, मध्यान्ह १२, दिनको २ र ४ बजे ।**

**भेष खड्गी, सञ्चालक**

**हाम्रो ईभी सेवा**

**हेटौंडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)**
**९८४५४-५७५०७, ९८५५०६८८७३**

**सम्पर्क**
**हेटौंडा ०५७-५२१४२१**
**९८५५०७८३७८ (हटलाइन)**

**ललितपुर ०१-५४०४४४४**
**९८५५०-७८४७८ (हटलाइन)**
**सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)**

**मुख्य कार्यालय हेटौंडा**
**०५७-५९१०४०**

## श्री महेन्द्र माध्यमिक विद्यालय

बकैया गाउँपालिका-४, छतिवन, मकवानपुर

## सूचिकृत हुने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/०३)*

प्रस्तुत विषयमा यस श्री महेन्द्र माध्यमिक विद्यालय बकैया-४, छतिवन मकवानपुरका लागि बागमती प्रदेश सरकारबाट आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत सामाजिक विकास मन्त्रालय शिक्षा निर्देशनालय हेटौंडा मकवानपुर र यस विद्यालयबिच सम्झौता भएको विद्यालय बस उपलब्ध गराउनका लागि सम्बन्धित फर्महरुबाट २०८१ साल असोज महिनाको १७ गतेभित्र तपशीलका कागजहरुसहित सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सुचिकृत गर्न/गराउनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**

१. सुचिकृत हुने व्यहोराको निवेदन ।
२. संस्था फर्म व्यक्तिको दर्ता प्रमाणपत्रको प्रतिलिपि थान-३
३. भ्याट प्यान नं. दर्ता प्रमाणपत्रको प्रतिलिपि थान-३
४. आ.ब. २०८०/०८१ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि थान-३
५. रु. १,०००/- दस्तुर तिरेको सक्कल रसिद ।

**प्रधानाध्यापक**

## श्री वंशगोपाल माध्यमिक विद्यालय

(प्राविधिक शिक्षालय)

मकवानपुरगढी-२, कुर्लेदमार

## शिक्षक आवश्यकता

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०५/०३)*

प्रस्तुत विषयमा यस विद्यालयको प्राविधिक शिक्षालय अन्तर्गत माध्यमिक तहमा प्राविधिक धार तर्फको वाली विज्ञान अध्यापन गराउन निमावि तृतीय सहायक प्रशिक्षक १ जना (करार) आवश्यकता परेकोले तपशिल अनुसारको इच्छुक र योग्य नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त आव्हान गरिएको छ ।

**पद :- सहायक प्रशिक्षक**
**विज्ञापन नं. :- ०१/०८१/८२**

संख्या :-१
तह :- निमावि तृतीय (करार)
उमेर - १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
शैक्षिक योग्यता :- Isc Ag वा सो सरह-माथिल्लो योग्यतालाई विशेष प्राथमिकता दिईने छ ।)
तलब भत्ता - नेपाल सरकारको नियमानुसार
दरखास्त शूल्क :- रु. २,००० (दुई हजार मात्र)
परीक्षाको किसिम :- लिखित र अन्तरवार्ता
दरखास्त दिने अन्तिम मिति :- २०८१/०६/१६ गते विद्यालय समयसम्म
सम्पर्क मिति :- २०५१/०६/१६ गते बुधबार
परीक्षा मिति :- सम्पर्क मितिका दिन तोकिने छ ।
दरखास्त दिने स्थान :- श्री वंशगोपाल मावि मकवानपुरगढी-२, कुर्लेदमार

**आवश्यक कागजातहरू**

१) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि थान १
२) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि थान १
३) चारित्रिक प्रमाणपत्र प्रतिलिपि थान १
४) अन्य तालिम र अनुभव भए सो को समेत प्रतिलिपि थान १
५) हस्तलिखित निवेदन १ थान

**प्रधानाध्यापक**

# सि आशा फाउण्डेशनलाई ‘समाज कल्याण शिक्षा पुरस्कार’



*सि आशा फाउण्डेशनलाई समाज कल्याण शिक्षा पुरस्कार हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडा: बालबालिकाको क्षेत्रमा काम गर्दै आइरहेको संस्था सि आशा फाउण्डेशनलाई ‘समाज कल्याण शिक्षा पुरस्कार’ बाट सम्मानित भएको छ । हेटौँडामा वौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि विद्यालय सञ्चालन गर्दै आएको फाउण्डेशनलाई बुधबार राष्ट्रिय शिक्षा दिवसको अवसरमा नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले एक कार्यक्रमका बीच सम्मान गरेको हो ।

प्रधानमन्त्री केपी शर्मा ओली र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले सि आशा फाउण्डेशनकी संरक्षक एना वार्का न्यौपाने र अध्यक्ष कैलाश न्यौपानेलाई नगदसहित सम्मानपत्र हस्तान्तरण गर्नुभएको थियो । फाउण्डेशनका सल्लाहकार बालकृष्ण चौलागाईका अनुसार मन्त्रालयले फाउण्डेशनलाई २ लाख रुपैयाँ राशीसहित प्रशंसापत्र प्रदान गरेको छ । फाउण्डेशनले अहिले बौद्धिक अपाङ्गता, सडक बालबालिका एवम् एचआइभी एड्स संक्रमितका सन्तान, अनाथ, अशक्त र असहायका साथै अनाथ बालबालिकाहरुलाई पढाउँदै आइरहेको छ ।

फाउण्डेशनले हेटौँडा-७ मा १३ वर्षदेखि र काठमाडौंमा ३ वर्षदेखि आशा पाठशाला सञ्चालन गरी बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई पढाउँदै आइरहेको छ । हेटौँडास्थित फाउण्डेशनको पाठशालामा ७७ जना विद्यार्थी रहेको पाठशालाका अध्यक्षसमेत रहनुभएका चौलागाईले बताउनुभयो । उहाँका अनुसार फाउण्डेशनले यो वर्षमा बर्दिबास, पोखरा र दाङमा पनि सेवा विस्तार गर्ने तयारी गरिरहेको छ ।

# खोलाले बगाई बेपत्ता वृद्ध मृत फेला

समाज संवाददाता

हेटौँडा: नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका-७, ठुलोखेतमा तादी खोलाले बगाई बेपत्ता भएकी वृद्धा मृत फेला परेकी छन् । मृत फेला पर्ने वृद्धा नुवाकोट जिल्लाको सूर्यगढी गाउँपालिका-३, चोगतेकी ७३ वर्षीया होम कुमारी अधिकारी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

भदौ ३१ गते अधिकारीलाई तादी खोलाले बगाएको प्रहरीले उल्लेख गरेको छ । मंगलबार बिहान ७ बजेर १५ मिनेटको समयमा दुप्चेश्वर गाउँपालिका-६, गौडापुलमा तादी खोलामा ढुङगामा अड्केको अवस्थामा अधिकारीको शव फेला परेको प्रहरीले जानकारी दिएको छ ।

# भिरबाट लडेर भगेरीको मृत्यु

समाज संवाददाता

हेटौँडा: दोलखा जिल्लाको बिगु गाउँपालिका-७, नागारामा भिरबाट लडेर एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ४७ वर्षीया भगेरी थामी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । मंगलबार दिउँसो १ बजेको समयमा थामी घरदेखि गोठमा जाने क्रममा लैसिङ कुना भिरबाट ५ मिटर तल खसी मृत अवस्थामा फेला परेको प्रहरीले उल्लेख गरेको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि पशुपति चौलागाई अस्पताल चरिकोट लगिएको प्रहरीले जानकारी दिएको छ ।

# बीआइएम र स्नातक तहलाई बास्केटबलको उपाधि

समाज संवाददाता

हेटौँडा: हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एन्ड सोसियल साइन्सेसको आयोजनामा भएको दोस्रो संस्करणको बास्केटबल प्रतियोगिताको उपाधि पुरुषतर्फ बीआइएम र महिलातर्फ स्नातक तहले जितेको छ । बुधबार म्यानेजमेन्ट कलेजको बास्केटबल कोर्टमा सम्पन्न भएको फाइनल खेलमा पुरुषतर्फ दश जोड दुई व्यवस्थापन संकायलाई हराउँदै बीआइएमले र महिलातर्फ दश जोड दुई तहलाई हराउँदै स्नातक तहले उपाधि जितेको हो ।

पुरुषतर्फ दश जोड दुई तहलाई ३०-८३ को विशाल अन्तरले बीआइएमले पराजित गरेको हो । यता महिलातर्फ दश जोड दुई तहलाई स्नातक तहले ४-२५ ले पराजित गरेको हो । उपाधि विजेता टिमले ७ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता टिमले ५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित हुँदै पुरुषतर्फ बीआइएमका सुलभ लामा र महिलातर्फ बीआइएमकै पूजा योञ्जनले जनही ३ हजार रुपैयाँ र ट्रफि प्राप्त गरेका छन् । यस्तै महिलातर्फ कक्षा-१२ की रुबिकन प्रधान र पुरुषतर्फ उदय श्रेष्ठ उदीयमान खेलाडी घोषित भए । पुरुषतर्फ विधान श्रेष्ठ हस्टलर घोषित हुँदा उत्कृष्ट डिफेन्स विशाखा भट्टराई घोषित हुँदै एक हजार पाँच सय रुपैयाँसहित ट्रफि प्राप्त गरेका छन् ।

प्रतियोगिता ६ वटा पुरुष र २ वटा महिला गरी जम्मा ८ टिमको सहभागिता रहेको थियो । कलेजका सहायक प्रधानाध्यापक राम पण्डित खनालको सभाध्यक्षता तथा म्यानेजमेन्टको योजना तथा विकास विभागका निर्देशक दिपेश जोशीको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह भएको हो । पुरस्कार वितरण कार्यक्रममा शैक्षिक निर्देशक प्रद्युम्न उपाध्याय र बास्केटबल प्रशिक्षक क्षितिज लामाको उपस्थिति रहेको थियो । हेटौँडा स्कूल अफ म्यानेजमेन्टले क्रिकेट र बास्केटबलमा प्रशिक्षक नै नियुक्त गरेर विद्यार्थीलाई नियमित प्रशिक्षण र प्रतियोगिताको आयोजना गर्दै आएको छ ।

# राष्ट्रिय रोटरी भेट्रान्सको उपाधि फ्रिडम फाइटरले जित्यो

समाज संवाददाता

हेटौँडा: काठमाडौं महानगर पालिकाको फ्रिडम फाइटर भेट्रान्सले तेस्रो संस्करणको राष्ट्रिय रोटरी पिप्ले क्याम्पा भेट्रान्स फुटबल प्रतियोगिताको उपाधि जितेको छ । हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा मंगलबार भएको फाइनल खेलमा झापाको पूर्वेली भेट्रान्स क्लबलाई ३-२ गोलले हराउँदै फ्रिडम फाइटर भेट्रान्स क्लबले उपाधि जितेको हो ।

उपाधि जितेसँगै फ्रिडम फाइटरले दुई लाख दुई हजार दुई सय २२ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता पूर्वेलीले एक लाख एक हजार एक सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष अनिल अग्रवालको सभाध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह भएको थियो ।

फ्रिडमका निलेन्द्र देवानले पहिलो हाफको ३ मिनेटमा एक गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । पहिलो हाफकै २१ औं मिनेटमा थप एक गोल गर्दै निलेन्द्र देवानले खेललाई २-० गोलको स्थितिमा पुर्याए । दोस्रो हाफको खेलमा विकर्ण श्रेष्ठले एक गोल गर्दै ३-० को स्थिति रह्यो । ३-० ले पछि परेको पूर्वेलीका लागि मित्र बस्नेत र रमेश गुरुङले एक/एक गोल गर्दै खेललाई ३-२ को स्थितिमा पुर्याए पनि हारबाट बचाउन सकेनन् । म्यान अफ द म्याच फ्रिडम फाइटरका निलेन्द्र देवान घोषित भए ।

रोटरी क्लब अफ मकवानपुरको आयोजना, पिप्ले युवा क्लबको सहआयोजना तथा हेटौँडा उपमहानगर पालिकाको मुख्य सहयोगमा भएको प्रतियोगितामा १५ वटा टिमहरुको सहभागिता रहेको थियो । प्रतियोगितामाको सर्वोकृष्ट खेलाडी फ्रिडम फाइटरका निलेन्द्र देवान घोषित भए । उनले १० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन् । फ्रिडम फाइटरबाट उत्कृष्ट गोलरक्षक सञ्जीव खड्गी, उत्कृष्ट डिफेन्डर राजकुमार घिसिङ, उत्कृष्ट मिडफिडर राजु तामाङ, उत्कृष्ट स्ट्राइकर विकास श्रेष्ठ र उत्कृष्ट प्रशिक्षक सुजल श्रेष्ठ घोषित हुँदै जनही ५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् । पूर्वेली भेट्रान्सका विजय श्रेष्ठले ५० वर्ष अधिक उमेर समूहको प्लेयर अवार्ड प्राप्त गरेका छन् । उनलाई पिप्ले युवा क्लबका अध्यक्ष सुविन घिमिरेले २ हजार ५ सय रुपैयाँको नगद पुरस्कार प्रदान गर्नुभयो ।

# आरआर वाईसी, सक्षम र रियल स्टार विजयी

समाज संवाददाता

हेटौँडा: मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिताअन्तर्गत बुधबारको खेलमा आरआर वाईसी, सक्षम युवा क्लब र रियल स्टार क्लब विजयी भएका छन् । हेटौँडा-६ स्थित गौरीटार रंगशालामा भएको पहिलो खेलमा हेटौँडा भेट्रान्स क्लबलाई ३-१ गोलले आरआर वाईसी विजयी भएको हो ।

यस्तै, हेटौँडा-११ स्थित सिमलटार मैदानमा भएको पहिलो खेलमा एफसी विजय युथलाई २-१ गोलले हराउँदै सक्षम युवा क्लब र सिमलटारमै भएको दोस्रो खेलमा हेटौँडा फुटबल एकेडेमीलाई ६-१ गोलले हराउँदै रियल स्टार क्लब विजयी भएका छन् । गौरीटारमा भएको पिप्ले युवा क्लब र एफसी इन्टरनेटबीचको खेल गोलरहित बराबरीमा रोकिएको छ ।

प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# अचेत अवस्थामा फेला परेका वृद्धको मृत्यु

समाज संवाददाता

हेटौँडा: चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, नौघरेमा अचेत अवस्थामा फेला परेका वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा भारत मोतिहारी जिल्ला घर भई हाल नौघरे बस्दै आएका ७२ को बनारसी प्रसाद जैसवाल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

सोमबार राती जैसवाल खाना खाई सुतेकोमा मंगलबार बिहान ४ बजेको समयमा अचेत अवस्थामा फेला परेका थिए । अचेत अवस्थामा फेला परेका जैसवाललाई उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

## वडास्तरीय क्रिकेट

# ८ नम्बर ‘ए’ सेमिफाइनलमा

समाज संवाददाता

हेटौँडा: हेटौँडा-८, कमानेमा जारी प्रथम संस्करणको वडास्तरीय टी-२० क्रिकेट प्रतियोगितामा ८ नम्बर वडाको ए टिम समिफाइनल प्रवेश गरेको छ । वडा-१६ लाई ११ रनले हराउँदै वडा-८ सेमिफाइनलमा पुग्न सफल भएको हो ।

वडा-८ ए ले निर्धारित २० ओभर मा ९ विकेटको क्षतिमा वडा-१६ लाई १ सय ६३ रनको लक्ष्य दिएको थियो । वडा-८ बाट सुरज भट्टराईले सर्वाधिक ४४ रन बनाउन सफल भएका छन् । विजय रोयले आफ्नो टिमका लागि २७ रनको योगदान दिएका थिए । यस्तै, श्रीजन अधिकारीले २३ रन र गोकुल चौलागाईंले २२ रन बनाएका थिए । विकास डंगोलले १७ रन बनाए ।

जवाफी ब्याटिङमा उत्रिएको वडा-१६ ले निर्धारित २० ओभरमा सबै विकेट गुमाएर १ सय ५१ रनमात्र जोड्न सफल भयो । सन्देश बलामीले सर्वाधिक ७० रन बनाउन सफल भए । किरण चौलागाईंले २७ रन बनाए भने अमृत दुलालले १० रन जोडेका थिए । वडा-८ का सुरज भट्टराईले सर्वाधिक ४ विकेट लिए । भुवन थापाले २ विकेट लिएका थिए ।

बुधबारै भएको पहिलो खेलमा वडा-४ लाई ९४ रनले हराउँदै आयोजक दोस्रो चरणको क्वार्टरफाइनलमा प्रवेश गरेको छ । टस हारेर ब्याटिङको निम्तो पाएको आयोजकले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय ६६ रन बनाएको थियो । १ सय ६७ रनको लक्ष्य पछ्याएको वडा-४ ले १३ ओभर २ बलमा ७२ रन बनाएर अल आउट भयो । यस्तै, बुधबार भएको दोस्रो खेलमा वडा-७ लाई १ सय ८ रनले हराउँदै वडा-९ ए दोस्रो चरणको क्वार्टरफाइनलमा प्रवेश गरेको छ । वडा-९ ले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय ९६ रन बनाएको थियो ।

Admission Open !!!

+2

Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)



BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।

(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)

हेटौँडा- सिटि कलेज (जेनिथ मावि)

हेटौँडा-५, पिप्ले

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि.को
२४औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि. को २४औं वार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएको हुँदा आदरणीय शेयर सदस्यज्यूलाई एस.एम.एस., सामाजिक सञ्जाल, एफएम रेडियोबाट जानकारी गराइसकेका छौं । यदि विशेष कारणवस सूचना प्राप्त नगर्नुभएको भए यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थित भई दिनुहुन शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं ।

तपसिल
मिति: २०८१ असोज ३ गते (संविधान दिवस)
समय: बिहान १०:०० बजे
स्थान : रोयल प्यालेस, हेटौँडा-४ मेनरोड

मिठाराम दाहाल
अध्यक्ष एवम्
नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि.
हेटौँडा-२, मकवानपुर
०५७-५२४३५५, ५२४५७१, ५३०५७१

पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.को
आठौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०८१/०४/२९ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको आठौं वार्षिक साधारणसभा तपशिलको मिति, स्थान र समयमा हुने भएकोले सम्पुर्ण शेयर सदस्य ज्युहरुलाई अनिवार्य उपस्थितिका लागि यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

छलफलका विषयहरु:
१) संस्थाका अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन तथा अगामी वर्षका प्रस्तावित कार्यक्रम सम्बन्धमा ।
२) संस्थाका सचिवद्वारा प्रस्तुत संस्थागत प्रतिवेदन सम्बन्धमा ।
३) संस्थाका कोषाध्यक्षद्वारा प्रस्तुत आ.ब. २०८०/०८१ को आर्थिक प्रतिवेदन तथा आ.ब. २०८१/०८२ अनुमानित आय तथा व्यय सम्बन्धमा ।
४) संस्थाका लेखा समितिका संयोजकद्वारा प्रस्तुत प्रतिवेदन सम्बन्धमा ।
५) संस्थाको ऋण उपसमितीको संयोजकद्वारा प्रस्तुत प्रतिवेदन सम्बन्धमा ।
६) संस्था एकीकरण सम्बन्धमा ।
७) संस्थाको स्वामित्वमा रहेको गैर वित्तीय सम्पति बिक्रि सम्बन्धमा ।
८) शेयर लाभांश र संरक्षित पुँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
९) संस्थाको विनियम पुनर्लेखन तथा संशोधन सम्बन्धमा ।
१०) संस्थाका विभिन्न नीतिहरु पुनर्लेखन तथा संशोधन सम्बन्धमा ।
११) संस्थाको आन्तरिक कार्यविधि पुनर्लेखन तथा संशोधन सम्बन्धमा ।
१२) आ.ब. २०८१/०८२ का लागि लेखापरीक्षक नियुक्ति तथा पारीश्रमिक निर्धारण सम्बन्धमा ।
१३) संस्थाको वार्षिक साधारण सभाको माईन्युट प्रमाणित गर्ने प्रतिनिधि छनौट सम्बन्धमा ।
१४) निष्क्रिय शेयर सदस्य सम्बन्धमा ।
१५) विविध ।

मिति : २०८१/०६/०५ गते (शनिबार)
समय : बिहान ११:०० बजे
स्थान : रोयल प्यालेस हेटौँडा-४, मेनरोड

नोट:- (साधारणसभा सम्बन्धी सुचना सम्पुर्ण शेयर सदस्यज्युहरुलाई पत्रद्वारा जानकारी गराइएको छ । यदि पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थितिका लागि अनुरोध छ ।)

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ